# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं फाल्गुन २६ गते ०१ साल

## भाग ३

## उद्योग वाणिज्य खाद्य सिभिल सप्लाइजविभागको सूचना

तराईका इलाकाहरूमा नूनको अभाव नभएको धेरै ठाउँबाट बुझिएको र भारतबाट नूनको कोटा प्राप्तिमा खलल नहुने गरी र कोटाको नूनभन्दा बढी मोलमा बिक्री गर्न नपाउने गरी पैठारी गर्ने नो अब्जेक्शन पत्र पाएका महाजनहरू-समेतले प्रशस्त नून पैठारी गरी ल्याएका र ल्याउन पाउने बुझिएको हुँदा सरकारी निर्धारित दरभन्दा बढी मोलमा बिक्री वितरण गर्न नपाउने गरी प्रतिद्वन्द्विताका साथ नून बिक्री भई जनतामा पीरमर्का नपरोस भन्ने हेतुले नूनको बिक्री वितरणमा रहेको सरकारी नियन्त्रण हटाई महाजनले निर्धारित मोलभन्दा बढी मोल लिन नपाउने गरी आफुखुशी बिक्री वितरण गर्न पाउने नीति अपनाइएका हुँदा चाहिंदो आडर तराईको जिल्ला गौंडा गोस्वाराहरूसमेतमा लेखी गइसकेकोले सर्वसाधारण जनतालाई थाहा होस् भनी यो सूचना प्रकाश गरिएको छ।

उक्त निर्धारित मोलको हकमा तराईका प्रत्येक जिल्लामा निर्धारित सिलिङ मोल कायम गरिनेछ र सो मोलभन्दा बढी मोलमा कसैले कोटा र [illegible] नून-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समेत बेच्न नपाउने र बेचेमा २००८ सालको कालो बजारिया कानूनबमोजिम सजाय गरिनेछ । महाजनले प्रत्येक पटक ल्याएको नूनको पर्ता जोडाइरहन पर्नै-छैन र इलाका इलाकामा कायम भएको सिलिङ मोलमा नबढाई आफुखुशी बिक्री गर्न पाउनेछ ।

तर नूनको कोटा पाएका महाजनहरूले आफूले पाएको कोटाको परिमाणको नून ठेकिएको इलाकाभित्र पैठारी गर्दा पैठारी गरेको सरकारी निस्सा लिई राख्नुपर्छ। आफूले पाएको कोटाको नून नल्याएमा कबूलियतका शर्तहरूबमोजिमको कारवाई गरिनेछ ।

कोटाबाहेकका नून ल्याउन पाएका महाजनहरूले भारतबाट नून पाई नेपाल सरहदभित्र नल्याई अन्यत्र बिक्री वितरण गरेमा त्यस्ता महाजनउपर उचित कारवाई गरिनेछ ।

अमृतप्रसाद प्रधान

डेपुटी सेक्रेटरी, उद्योग र बाणिज्यविभाग.

## सिभिल सप्लाइजविभागको सूचना

साधनको कमीले गर्दा ०८ साल फाल्गुन १८ गते रोज १ देखि पेट्रोलमा प्रतिबन्ध भएको र पेट्रोलका पम्पवालाहरुले देशी नोटको सट्टा उसै दिन बजारमा चलेको सटही दरले मोहरु नै लिने भएका हुनाले सूचना प्रकाश गर्ने काम भएको छ। पेट्रोलका उपभोक्ताहरूले साबिकबमोजिम कंट्रोल अड्डा कम्पुकोतमा कूपन लिन जानुहोला। निर्धारित भएको कंट्रोल दरभन्दा बढी दरमा कसैले पेट्रोल खरीद बिक्री गरेमा २००८ सालका कालो बजार कानूनबमोजिम सजाय हुनेछ ।

सौभाग्यशमशेर ज.ब. राणा

डाइरेक्टर,

सिभिल सप्लाइजविभाग.

---

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।